नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०७७/०७८

चलानी नं.:- ३३८

मिति २०७७।११।२६

श्री गाउँपालिका सबै।
श्री नगरपालिका सबै।

विषयः स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा।

सङ्घीय शासन प्रणालीको अवलम्बनसँगै सेवा प्रवाह तथा स्थानीय विकास निर्माणका कामहरु स्थानीय तहको जिम्मेवारीमा रहेका छन्। सेवा प्रवाह र स्थानीय विकास निर्माणको मुख्य जिम्मेवारी रहेको स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सबल र दूर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तलुनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि स्वीकृत गरेको व्यहोरा अवगत नै छ। स्थानीय तहको स्वमूल्याङ्कनमा सहयोग पुऱ्याउन मन्त्रालयले सातै प्रदेशमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिसकेको र उक्त प्रशिक्षण कार्यक्रममा सहभागी भएका प्रशिक्षकहरुलाई प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा प्रदेश सुशासन केन्द्र मार्फत स्थानीय तहको स्वमूल्याङ्कन कार्यमा सहजीकरण गर्न खटाउने व्यवस्था समेत मन्त्रालयले मिलाएको छ।

स्थानीय तहको संस्थागत क्षमताको स्वमूल्याङ्कनबाट नेपालको संविधान तथा प्रचलित कानूनको मर्म र भावना अनुसार स्थानीय तह सञ्चालन गर्न, स्थानीय तहका असल अभ्यासलाई संस्थागत गर्न तथा सुधार गर्नु पर्ने विषयलाई समयमै पहिचान गरी स्थानीय तहको प्रभावकारिता बृद्धि गर्न सहयोग पुग्ने भएकोले मन्त्रालयबाट स्वीकृत कार्यविधि अनुसार प्रदेशस्तरीय प्रशिक्षकहरुको सहयोग लिई त्यहाँबाट आआफ्नो स्थानीय तहको स्वमूल्याङ्कन गरी प्राप्त नतिजालाई मन्त्रालयबाट तयार गरिएको सफ्टवेयर (lisa.mofaga.gov.np) मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

..............................
(बसन्त अधिकारी)
सहसचिव

बोधार्थः
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः आवश्यक समन्वय र सहजीकरणको लागि।
श्री सूचना तथा प्रविधि शाखाः पत्र website राख्ने व्यवस्था हुन।